भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०४/११ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६), दफा ६२क (१) तथा ६५ (२)(ग) मा भएको व्यवस्था, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, गाउँ सभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८०/८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

आन्तरिक आय ठेक्का विवरण

आय ठेक्का नं.	ठेक्काको विवरण	आ.व. ०८०/८१ को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घन मि)	आ.व. २०८०/८१ को लागि निर्धारण गरिएको ढुंगा, गिट्टी, बालुवा घाटगद्दी न्यूनतम दररेट रु. (प्रति घन मि)	न्यूनतम कबोल रकम रु. (मू.अ.कर बाहेक)	बोलपत्र दस्तुर रु.	धरौटी
BRM/NCB/IR/01/080/081	वडा नं. १ बाधा बगर	१५,११८।५९३	३१७।८८	४८,०५,८७६।१७	५,०००/-	कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा बोलपत्र खोलको दिनबाट १८० दिन म्याद भएको बैंक जमानत ।
BRM/NCB/IR/03/080/081	वडा नं. ६ आँपघाट बगर	३४,७९०।४१	३१७।८८	१,१०,५९,१२४।५१	५,०००/-	
BRM/NCB/IR/04/080/081	वडा नं. ७ आमथली बगर	२७,४२१।१२४	३१७।८८	८७,१६,५८६।६६४	५,०००/-	
	वडा नं. ७ पाटी बगर	११,४२०।७५१	३१७।८८	३६,३०,४११।७०८		
BRM/NCB/IR/07/080/081	वडा नं. ९ देउपाले बगर	१८,९२३।०३	३१७।८८	६०,१५,२२६।७७	५,०००/-	
	वडा नं. ९ काफ्लेका गर्तिला बगर	२२,२६३।८१५	३१७।८८	७०,७७,१८८।८२		
BRM/NCB/IR/08/080/081	वडा नं. १० पशुपती बगर	४३,७७६।१९	३१७।८८	१,३९,१५,५११।०७	५,०००/-	
BRM/NCB/IR/09/080/081	वडा नं. १० डडुवा बगर	४७,३७६।७२२	३१७।८८	१,५०,६०,०४२।८६	५,०००/-	

ठेक्का सम्बन्धी शर्तहरु :-

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुबैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ । अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा बढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन ।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको (मू.अ.कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको **नबिल बैक लि., भुम्लु शाखा, सल्ले स्थित रहेको ग-३ धरौटी खाता नं. २१५०१०१७५०००२२** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १८० दिन सम्म म्याद भएको **"क" वर्गको** बैंकबाट जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं. २१५०१०१७५०००४५** मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।

१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०८०।०५।११ गते दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट पेश गर्न पर्नेछ । साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेभ साइट www.bhumlumun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट E- Bidding मार्फत पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे भुम्लु गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दस्तुर तिरेका भौचर, बैक ग्यारेण्टी वा धरौटी रकम जम्मा गरेको भौचर र आ व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र दाता व्यक्ति हुदाँ नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१२. बोपत्रदातासे कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहिछाप गरी Scan गरी Upload गर्नुपर्नेछ । साथै EGP र Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईने छ ।

१३. बोलपत्र फारामहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा क्रमशः सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइने छैन । तोकिएको मितिमा सम्झौता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिने छ ।

१६. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न बाधा पर्ने छैन ।

१८. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१९. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन ।

आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. ठेक्का सम्झौता गर्न आँउदा बोल कबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनुपर्नेछ । बाँकी रकमको ६५ प्रतिशत(भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८१ साल भाद्र मसान्त सम्म म्याद भएको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ ।

२. ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेष्ठ मसान्त सम्म IEE मा तोकिए बमोजिको परिमाण उत्खनन् गर्न पाइनेछ । साथै विक्री वितरण असार मसान्त सम्मको लागि कायम रहेने छ ।

३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

किस्ता	किस्ता बुझाउनुपर्ने मिति	रकम रु.	कैफियत
पहिलो	ठेक्का सम्झौताको बखत	कबोल अंङ्को ३५ प्रतिशतले हुन आउने रकम । (भ्याट सहित)	समय सीमा नाघी किस्ता बुझाउन आएमा वार्षिक १०% को दरले व्याज जोडी दाखिला गर्नपर्नेछ ।
दोश्रो	२०८० साल पौष मसान्त भित्र	कबोल अंङ्को ३५ प्रतिशतले हुन आउने रकम । (भ्याट सहित)	
तेश्रो	२०८१ जेठ मसान्त सम्म	कबोल अंङ्को बाँकी ३० प्रतिशत रकम । (भ्याट सहित)	

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

५. ठेकेदारले उठाउने ढुङ्गा गिट्टी बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरुद्ध भएमा ठेकेदारले स्वयमले बाटो मर्मत गरी संचालन गर्नु पर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. भुम्लु गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

७. ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । पहिलो, दोश्रो र तेश्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. भुम्लु गाउँपालिका भित्रका ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ ।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१४. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र IEE प्रतिवेदन मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालय वा मो.नं. ९८४१०४३५१५ मा सम्पर्क राख्न सकिने छ ।

काठमाडौं महानगरलाई एक लाख करदाताले तिरेनन् कर

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरलाई अधिल्लो आर्थिक वर्षसम्म दुई लाख ३२ हजार दुई सयजनाले कर बुझाउँदै आएका थिए । तर, आर्थिक वर्ष ०७९/८० मा यो आघाले घटेको छ । यस आर्थिक वर्षमा सम्पत्ति तथा भूमिकर तिर्नेको संख्या जम्मा एक लाख ३१ हजार तीन सय ४८ मात्रै रहेको छ । बाँकी एक लाख करदाताले महानगरलाई कर नै बुझाएनन् ।

महानगरका अनुसार आर्थिक वर्ष ०७९/८० मा ९२ हजार नौ सय ४८ व्यवसाय करतर्फ ९७ हजार नौ सय ६० ले तिरेका छन् । तर, करदाताअनुसार राजस्व संकलन गर्न नसकिएको महानगरका राजस्व विभागका निर्देशक ध्रुवकुमार काफ्लेले जानकारी दिए । उनका अनुसार विगतका वर्षहरूमा भन्दा आर्थिक वर्ष ०७९/८० मा घरै कर संकलन भएको छ । आर्थिक वर्ष ०७८/७९ मा ५१ हजार पाँच सय चारजनाले बहाल कर तिरेका छन् । यस वर्ष व्यवसाय कर तिर्नेको संख्या ४४ हजार सात सय ८३ छ भने सम्पत्ति कर ७४ हजार ६ जनाले बुझाएका छन् । बहाल कर, व्यवसाय कर र सम्पत्ति कर बुझाउनेको जम्मा संख्या एक लाख १८ हजार २० रहेको छ ।

■ ध्रुवकुमार काफ्ले, निर्देशक, राजस्व विभाग, काठमाडौं महानगर

आर्थिक वर्ष ०७९/८० मा भने महानगरले कर संकलनको दायरा बढाएको छ । अघिल्लो वर्ष ०७८/७९ मा भन्दा १३ हजार तीन सय १९ करदाता थपिएका छन् । कर तिर्नेको संख्या बढ्नेगै महानगरले आर्थिक वर्ष ०७९/८० मा राजस्व संकलन भने वृद्धि गरेको छ । यसपटक तीव्र अनुगमन र करदाता बढेकाले राजस्व पनि बढेको हो,' राजस्व विभागका निर्देशक काफ्लेले भने, 'यसपटक हामीले कर तिर्दै नतिरेकालाई ताकेता गऱ्यौं, वडा सदस्यको नेतृत्वमा अनुगमन गर्न पठायौं ।' उनका अनुसार महानगरलाई राजस्व नतिर्नेमा व्यक्तिगत घर, व्यावसायिक तथा बिजनेस कम्प्लेक्स, सरकारी कर्पोरेट कार्यालयलगायत छन् । 'कर नतिर्नेमा काठमाडौं मल, सिटिसी मल, नेपाल विद्युत् प्राधिकरण, वर्ल्ड ट्रेड सेन्टर, सञ्चय कोष भवनलगायत छन्,' उनले भने, 'अब उनीहरूको तथ्यांक संकलन गरी राजस्व तिर्न ताकेता गर्छौं ।'

■ कुन वर्ष कति राजस्व संकलन ?

राजस्व विभागका अनुसार तीन वर्षको तुलनामा महानगरले आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा बढी राजस्व राक्न संकलन गरेको छ । यस वर्ष महानगरले चार अर्ब ८५ करोड एक लाख राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा पाँच अर्ब ८२ करोड ६६ लाख ४२ हजार चार सय ४५ रुपैयाँ राजस्व संकलन गरेको छ । यो रकम करिब १२०.१३ प्रतिशतले बढी हो भने ०७८/७९ को तुलनामा ९७ करोड रुपैयाँले बढी हो ।

महानगरले सबैभन्दा बढी राजस्व घरबहाल करबाट संकलन गरेको छ । यसमा दुई अर्ब लक्ष्य राखिएकोमा दुई अर्ब ५६ करोड २१ लाख २१ हजार नौ सय ३९ रुपैयाँ राजस्व संकलन भएको छ । त्यस्तै, घर सम्पत्ति बहाल तथा पट्टाबापत आयमा लाग्ने करतर्फ एक अर्ब लक्ष्य राखिएकोमा एक अर्ब ३१ करोड ९३ लाख चार हजार सात सय ५३ रुपैयाँ संकलन भएको छ । त्यस्तै, सम्पत्ति करतर्फ एक अर्ब आठ करोड २७ लाख दुई हजार दुई सय ३२ रुपैयाँ राजस्व संकलन भएको छ । यसमा पनि एक अर्ब लक्ष्य राखिएको थियो । त्यस्तै भूमिकर र मालपोततर्फ एक करोड १९ लाख ४१ हजार तीन सय ६६ रुपैयाँ राजस्व संकलन भएको छ ।

■ ०७८/७९ देखि सुधिएको थियो राजस्व संकलन

त्यसअघि आर्थिक वर्ष ०७८/७९ मा चार अर्ब ३४ करोड ३२ लाख लक्ष्य राखिएकोमा चार अर्ब ४६ करोड ५० लाख ५४ हजार नौ सय ५१ रुपैयाँ राजस्व संकलन भएको थियो । सो वर्ष पनि सबैभन्दा बढी कर घरबहाल कराबट संकलन भएको थियो । त्यसमा एक अर्ब ७५ करोड लक्ष्य राखिएकोमा दुई अर्ब ३६ करोड ४८ लाख राजस्व संकलन भएको छ । त्यस्तै, सम्पत्ति करतर्फ आठ करोड लक्ष्य राखिएकोमा आठ करोड ७६ लाख ४५ हजार ६ सय ३२ रुपैयाँ राजस्व संकलन भएको छ । ०७८/७९ मा तत्कालीन मेयर विद्यासुन्दर शाक्यले ठूला करदाताकहाँ करदाता घटे पनि राजस्व रकम बढेको छ । तीव्र अनुगमनका कारण राजस्व बढेको हो । कर नतिर्नेमा काठमाडौं मल, सिटिसी मल, नेपाल विद्युत् प्राधिकरण, वर्ल्ड ट्रेड सेन्टर, सञ्चय कोष भवनलगायत छन् । अब उनीहरूको तथ्यांक संकलन गरी राजस्व तिर्न ताकेता गर्छौं ।

बाजा बजाएर राजस्व संकलन गर्न टोली पठाएका थिए । त्यसले गर्दा ०७८/७९ देखि राजस्व संकलनमा केही सुधार आएको थियो ।

■ ०७७/७८ मा अनुमानका आधारमा लक्ष्य राख्दा कम राजस्व संकलन

०७७/७८ मा महानगरले संकलन गरेको जम्मा कर तीन अर्ब ५४ करोड २४ लाख ३६ हजार थियो । त्यस आवमा महानगरले ९ अर्ब ११ करोड २१ लाख पाँच हजार राजस्व संकलन गर्ने लक्ष्य राखे पनि त्यसको आधा मात्रै राजस्व संकलन भएको महानगरका राजस्व विभागका निर्देशक काफ्लेले बताए । उनका अनुसार त्यस वर्षको लक्ष्य अत्यधिक बढी राखिएपछि राजस्व संकलन आधा मात्रै भयो । तर, त्यसयताका वर्षहरूमा भने महानगरले राजस्व संकलनको लक्ष्य कम राख्यो । अनुमानका भरमा लक्ष्य राख्दा वास्तविकतामा त्यसलाई भेट्टाउन नसकिएकाले त्यसपछिका वर्षहरूमा लक्ष्य तथा प्रस्तावित राजस्व रकम कम अनुमान गर्न थालियो ।

'मोडिफाई' हुँदै नयाँबानेश्वर चोक

नयाँ लेन र जेब्राक्रस थपिने, ट्राफिक व्यवस्थापन सहज हुने दाबी

काठमाडौं/ सवारीसाधनको ओहोरदोहोरका कारण सधैं व्यस्त हुने नयाँ बानेश्वर चोकलाई 'मोडिफाई' गर्न थालिएको छ । सडक विभागले पाइलट परियोजनाअन्तर्गत दायाँ-बायाँ (तीनकुनेतिरबाट शंखमूल र माइतीघरबाट शंखमूलतर्फ) मोडिने सवारीसाधनलाई ललित गर्दै 'राइट टुर्निङ डोल्डिङ जोन' निर्माण गर्न थालेको हो । यसका लागि दुई सय मिटरको छुट्टै लेन थप्न लागेको हो । विभागले पहिलो चरणमा नयाँ बानेश्वर चोक सुधार गर्न र त्यसका आधारमा अन्य व्यस्त चोकका पनि सुधारका योजना अघि सारेको छ ।

विभागका प्रवक्त्र रामहरि पोखरेलका अनुसार जेब्राक्रससहित दायाँ-बायाँतर्फ मोडिने लेन निर्माण गर्न थालिएको हो । हाल सडकको बीचभाग अर्थात् डिभाइडरको ठाउँमा दुवैतिर फूल तथा बोटबिरुवा छन् । त्यसलाई उखेलेर करिब दुई सय मिटर क्षेत्रमा नयाँ लेन थपी दायाँतर्फ मोडिने सवारीसाधनका लागि सहज पार्न लागिएको हो । 'यसको पूर्णकालीन समाधान 'फ्लाई ओभर,' 'अन्डर पास' हो, अहिलेका लागि अस्थायी रूपमा चोक व्यवस्थापन गर्न थालेका हौं,' प्रवक्त्र पोखरेलले भने, 'थोरै ठाउँमा धेरै सवारीसाधन कसरी व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा यो काम सुरु भएको हो ।'

उनका अनुसार जापानको सहयोग नियोग जाइकाको करिब ६३ लाख बजेटमा 'राइट टुर्निङ डोल्डिङ जोन' निर्माण हुन लागेको हो । यसले मीनभवन तथा बबरमहलतर्फबाट आएको गाडीलाई सहज हुनेछ । चोक व्यवस्थापनबारे जाइका र विभागको टोलीले अध्ययन गरेको थियो । ट्राफिक जाम व्यवस्थापन गर्न मीनभवन र बुढानगरतर्फ एक-एकवटा लेन थपिनेछन् । त्यसमा दायाँतर्फ मोडिने गाडीहरू होल्डिङ हुनेछन् । हाल सडकखण्डको बीच (मेडियन)मा लगाइएका रूखबिरुवा हटाएर गतिको समयमा चोक व्यवस्थापनको काम भइरहेको छ । यो निर्माण भएपछि माइतीघरतिरबाट आएका सवारीसाधन र मीनभवनतर्फबाट शंकमूलतर्फ जाने सवारीसाधन नयाँ लेनमा बस्नेछन् । चोकको दुईपट्टि गरेर जेब्राक्रससहित दुई सय मिटर नयाँ लेन निर्माण हुनेछ । नयाँ बानेश्वरमा यसरी बनाइएको चोक व्यवस्थापन राम्रो देखिएमा यसलाई लैनचौरसहितका अन्य चोकमा पनि विस्तार गरिनेछ ।

बुधबार उपत्यकामा

कपन : विभिन्न समयमा जफत आठ हजार आठ सय ९६ थान हातहतियार प्रहरीले बुधबार नष्ट गरेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार उक्त हतियारहरू कानुनबमोजिम नष्ट गरिएको हो । ६ हजार ७४ वटा भरुवा बन्दुक, १२ बोर एक सय ७७, एक हजार ७९ पेल्लोल नष्ट गरिएको छ । यस्तै, दुई थान ३२ म्यानम, २९ वटा एयर गन, दुई सय २० स्टर्ट गन, ६ सय २६ थिनटथ्री राइफल, तीन सय ३४ रिभल्भर, १९ वटा म्यास गन, २५ वटा हर्नेट तथा अन्य ८४ वटा हतियार नष्ट गरिएको प्रहरीले जनाएको छ । कार्य विभागकी एआइजी मीरा चौधरी तथा विभिन्न निकायका प्रतिनिधिको उपस्थितिमा काठमाडौं महानगरपालिका- ११ स्थित नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपन परिसरमा हतियार नष्ट गरिएको हो । हातहतियार, खरखजाना एवं विस्फोटक पदार्थ व्यवस्थापन निर्देशिका बमोजिम नष्ट गरिएको प्रहरी प्रवक्त्र डिआइजी कुबेर कडायतले बताए ।

नयाँबानेश्वर : बलात्कार मुद्दामा फरार रहेका अभियुक्त मोहन भण्डारीलाई काठमाडौं प्रहरीले पक्राउ गरेको छ । सुर्खेतको वीरेन्द्रनगर घर भएका उनीविरुद्ध सुर्खेत जिल्ला अदालतले गत १० माघमा पक्राउपुर्जी जारी गरेकोमा फरार रहँदै आएका थिए । उनलाई नयाँबानेश्वरबाट पक्राउ गरिएको र सुर्खेतमा बुझाइएको काठमाडौं परिसरले जनाएको छ । वीरेन्द्रनगरमै एक महिलामाथि बलात्कार गरेको आरोप उनीमाथि छ ।

सामाखुसी : भालुको पित्तजस्तो देखिने वस्तुसहित प्रहरीले दुई जनालाई सामाखुसीबाट पक्राउ गरेको छ । प्रहरी वृत्त लैनचौरको टोलिले सोलुखुम्बुका तेन्दोर्जी तामाङ र काभ्रेका नाम्गेल लामालाई पक्राउ गरेको हो । सामाखुसी, रेडनपुलनजिकै रहेको मिरमिरे लाइफ सेकुवा कर्नरबाट सुराकीका आधारमा उनीहरू पक्राउ परेका हुन् ।